# सुनवल नगरपालिकाको विनियोजन ऐन, २०७६

प्रमाणीकरण मितिः २०७६/०३/११

सुनवल नगरपालिकाको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि स्थानीय तह सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६

**प्रस्तावनाः**

सुनवल नगरपालिकाको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) ले दिएको अधिकार प्रयोग गरी सुनवल नगरपालिकाको पाँचौं नगर सभाको बैठकले स्थानीय संचित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी यो ऐन बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "सुनवल नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

क) "नगर सभा" भन्नाले सुनवल नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले सुनवल नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा समिति" भन्नाले सुनवल नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) "बिषयगत शाखा" भन्नाले सुनवल नगरपालिका अन्तर्गतको महाशाखा, शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ड.) "स्थानीय संञ्चित कोष" भन्नाले सुनवल नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

**३. आर्थिक वर्ष २०७६/७७ को निमित्त स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिकवर्ष २०७६/७७ को निमित्त सुनवल नगरपालिका नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च गरी जम्मा ९७,२८,७५,०००।०० (अक्षेरुपी सन्तानब्बे करोड अठाई लाख पचहत्तर हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ । साथै उक्त रकम वाहेक संघीय सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र वजेट रकमका साथ प्राप्त हुने शर्त तथा कार्यपालिकाले तोके बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ ।

**४. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/७७ को निमित्त सुनवल नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा सुनवल नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तनी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकमा सार्न सकिने छैन । तर चालु तथा पूँजीगतखर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । साथै खर्चको पुष्ट्याई अनुसूची २ बमोजिम हुनेछ । साथै आ.व. २०७५/७६ को भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रमको भुक्तानी आ.व. २०७६/७७ मा दिन यसै ऐन बमोजिम भएको मानिने छ ।

अनुसूची-१

(दफा - ३ संग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ बमोजिम**

## स्थानीय संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वितिय व्यवस्था | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | सुनवल नगरपालिका नगर कार्यपालिका | ३,८७,६४२ | ८२,००० | | ४,६९,६४२ | ४८.२७ |
| २ | वडा समिति | ४,४४६ | | | ४,४४६ | ०.४६ |
| ३ | बिषयगत शाखा | ५९,९०९ | ४,३६,३७८ | | ४,९६,२८७ | ५१.०१ |
| ४ | ऋणको सावा व्याज भुक्तानी | | | | | |
| ५ | लगानी (शेयर/ऋण) | | २५०० | | २,५०० | ०.२६ |
| | **जम्मा** | ४,५१,९९७ | ५,२०,८७८ | | ९,७२,८७५ | १००.०० |
| | **प्रतिशत** | ४६.४६ | ५३.५४ | | १००.०० | |